# सहायक अटो मेकानिकका लागि पाठ्यक्रम निर्देशिका

**Program Guide for Assistant Auto Mechanic**

*अन्तर्राष्ट्रिय श्रम संगठन/समयबद्ध कार्यक्रम*

*तथा*

*विश्व शिक्षा/उज्यालो भविष्य परियोजनाका*

*लागि तयार गरिएको कार्यकालीन तालीम सम्बन्धी पाठ्यक्रम*

*वि.सं. २०६१*

अन्तर्राष्ट्रिय श्रम संगठन
बालश्रम उन्मुलनका लागि अन्तर्राष्ट्रिय कार्यक्रम

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

विश्व शिक्षा

कार्यकालीन तालीमको प्रस्तुत पाठ्यक्रम अन्तर्राष्ट्रिय श्रम संगठनको समयबद्ध कार्यक्रम तथा विश्व शिक्षाको उज्यालो भविष्य परियोजनाका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गतको पाठ्यक्रम विकास महाशाखाद्वारा तयार गरिएको हो । पाठ्यक्रम निर्माणको पहिलो चरण अर्थात् DACUM Workshop मा नेपाल ट्रेड यूनियन महासंघ, नेपाल ट्रेड यूनियन कांग्रेस, नेपाल प्रजातान्त्रिक ट्रेड यूनियन महासंघ तथा WEAN सँग सम्बन्धित विषय विज्ञहरुको सक्रिय सहभागिता रहेको व्यहोरा सम्बन्धित सबैलाई सधन्यवाद जानकारी गराइन्छ ।

पाठ्यक्रम तयार गर्नेः *पाठ्यक्रम विकास महाशाखा, प्रा.शि.तथा व्या.ता.परिषद् सानोठिमी, भक्तपुर ।*
**अनुवादकः *प्रदीप अधिकारी, मिष्टरकान्त मैनाली र कविता काफ्ले ।***

# सहायक अटो मेकानिकका लागि पाठ्यक्रम निर्देशिका

**परिचय :**

अन्तर्राष्ट्रिय श्रम संगठनको बालश्रम उन्मूलनका लागि अन्तर्राष्ट्रिय कार्यक्रम अर्थात आइपेक (IPEC) र विश्व शिक्षा (World Education)ले नेपालमा हुने निकृष्ट प्रकारका बालश्रम उन्मूलनलाई प्राथमिकता दिंदै क्रमश: बालश्रम हटाउन विभिन्न उपायलाई प्रवर्द्धन गरेका छन् । आइपेक र विश्व शिक्षाका पहलहरू सरकार, ट्रेड युनियन, रोजगारदाता संघ र गैरसरकारी संघसंस्थाको साझेदारीमा कार्यान्वयन गरिन्छन् । आइपेक (IPEC)ले प्रवर्द्धन गरेको विभिन्न नयाँ कार्यक्रमहरूमध्ये एक हो समयबद्ध कार्यक्रम (Time Bound Programme) । अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १८२ मा परिभाषित विशेष प्रकारका निकृष्ट बालश्रमलाई तोकिएको समयावधि भित्र रोकथाम गर्नु समयबद्ध कार्यक्रम र विश्व शिक्षाको उज्यालो भविष्य कार्यक्रम (Brighter Fututre Programme) को लक्ष्य हो ।

समयबद्ध कार्यक्रम र उज्यालो भविष्य कार्यक्रमको उद्देश्य श्री ५को सरकारद्वारा बालश्रम उन्मुलनका लागि बनाइएको गुरू योजनामा सहयोगीको रूपमा काम गर्नु रहेको छ । यसै सिलसिलामा यस कार्यक्रमले नेपालमा पहिचान भएका सात निकृष्ट प्रकारका बालश्रमहरूको पहिचान गरेको छ । त्यस्ता बालश्रमिकहरूमा : १. घरेलु बालश्रमिकहरू, २. बालभरियाहरू, ३. बाल बँधुवा मजदूरहरू, ४. अवैध बेचविखनमा परेका बालबालिकाहरू, ५. सडक बालबालिकाहरू (खाते), ६. गलैंचा कारखानामा काम गर्ने बालबालिकाहरू तथा ७. खानीमा कामगर्ने बालबालिकाहरू पर्दछन् । समयबद्ध कार्यक्रम र उज्यालो भविष्य कार्यक्रमले यस्ता बालश्रम उन्मूलनका लागि विभिन्न कदमहरू चालिरहेका छन् ।

नेपालमा अपनाइएका समयबद्ध कार्यक्रम र उज्यालो भविष्य कार्यक्रमका शैक्षिक पहलहरू बालश्रम रोकथाम गर्न र बालश्रमिकहरूलाई पुर्नस्थापित गर्न अति नै प्रभावकारी देखिएका छन् । यी दुवै कार्यक्रमले निकृष्ट प्रकारका बालश्रमबाट संयुक्त रूपमा उद्धार गरिएका सबै बालबालिका तथा युवाका लागि निशुल्क शिक्षा, उपयुक्त व्यावसायिक तालीम (Vocational Training) एवं कार्यकालीन तालीम (Apprenticeship Training) का अवसरहरूको प्रवर्द्धन गर्दछन् । यस सन्दर्भमा अन्तर्राष्ट्रिय श्रम संगठनको आइपेक (IPEC) र विश्व शिक्षाको उज्यालो भविष्य कार्यक्रमले निकृष्ट प्रकारका बालश्रममा संलग्न ठूला उमेरका बालबालिका लागि विभिन्न व्यावसायिक क्षेत्रहरुमा कार्यकालीन तालीम (Apprenticeship Training) कार्यक्रमको रूपरेखा तयार गरेका छन् ।

**कार्यक्रमको आवश्यकता :**

नेपालमा संचालन भइरहेका विभिन्न प्राविधिक तालीमहरूका मिश्रित परिणामहरू देखिएका छन् । द्रुतगतिमा धेरै ठूलो संख्यामा प्राविधिक तथा व्यावसायिक प्रशिक्षण दिने संस्थाहरू खुलेका छन् । यसको अनुपातमा भर्ना हुने युवा युवतीहरुको संख्यामा पनि वृद्धि भइरहेको छ । तर त्यसमा केही समस्याहरु देखा परेका छन् । मूख्यत: प्रशिक्षण कार्यक्रमहरु धेरै संरचनागत छन् । प्रशिक्षणको शैली चाहिं संस्थागत आधारमा बनाइएको छ । त्यस्तै विद्यार्थी भर्नालाई व्यवस्थित बनाउनका लागि न्यूनतम मापदण्ड तोकिएको हुन्छ । नेपालमा पहिचान गरिएका निकृष्ट प्रकारका बालश्रमिकहरूको न्यून साक्षरता दरको

पृष्ठभूमीलाई विचार गर्ने हो भने व्यावसायिक प्रशिक्षण दिने त्यस्ता संस्थाहरुले आफ्नो तालीममा प्रवेश लागि तोकेका न्यूनतम मापदण्ड अति नै उच्च भएको पाइन्छ । यसको साथै यस्ता धेरै व्यावसायिक तालीम प्रतिष्ठानहरू महँगा पनि छन् । यिनै कारणहरुले समेत गर्दा निकृष्ट प्रकारका बालश्रममा लागेका बालबालिकाहरु प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको पहुँचबाट टाढा भएका छन् । तसर्थ अन्तर्राष्ट्रिय श्रम संगठनको आइपेक (IPEC) र विश्व शिक्षाको उज्यालो भविष्य कार्यक्रमले निकृष्ट प्रकारका बालश्रममा संलग्न १४ वर्षमाथिका बालबालिका लागि कार्यकालीन तालीम (Apprenticeship Training) मोडेललाई व्यावसायिक तालीम (Vocational Training) को विकल्पको रूपमा हेर्न पहल गरेका छन् ।

आइपेक (IPEC) र विश्व शिक्षाका अनुसार कार्यकालीन तालीम (Apprenticeship Training) भनेको सम्बन्धित व्यक्तिको सुपरीवेक्षणमा सञ्चालन गरिने यस्तो स्थलगत तालीम हो जसले प्रशिक्षार्थीहरूलाई सैद्धान्तिक ज्ञान, व्यावहारिक सीप र कामजन्य वातावरणको अनुभव प्रदान गर्दछ । यो सिकाइ यस्तो तरिका हो जसले कम्तीमा १४ वर्ष पुगेका बालश्रमिकहरूलाई संभाव्य रोजगारदाता मार्फत् पेशागत योग्यता प्रदान गरी जीविकाका लागि वास्तविक रुपमा तयार गर्दछ । यस तालीमले प्रशिक्षार्थीहरूलाई संभाव्य रोजगारदाताहरूसँग पनि परिचय गराउन सक्छ । कार्यकालीन तालीमले युवायुवतीमा आत्मविश्वास जगाउन सक्छ र आफ्ना समुदाय तथा मुलुकका लागि निर्वाह गर्नुपर्ने सकारात्मक भूमिकाबारे स्मरण गराउन सक्छ ।

## समष्टिगत उद्देश्य :

यस कार्यक्रमको समष्टिगत उद्देश्य निकृष्ट प्रकारका बालश्रममा रहेका बालबालिकाहरुको उद्धार गरी उनीहरुलाई सीप तथा ज्ञान सहित रोजगारीका उचित अवसरहरु प्रदान गर्नु हो । यसका साथै उनीहरुलाई राष्ट्रिय विकासका विभिन्न क्षेत्रहरु जस्तै : आर्थिक, शैक्षिक, श्रम बजारका नीति आदिमा पनि संलग्न गराउनु हो ।

## अन्तिम उद्देश्यहरु

यस पाठ्यक्रम अनुसारको प्रशिक्षण पछि कार्यकालीन तालीम प्रशिक्षार्थीहरु निम्न कामहरु सम्पन्न गर्न सक्षम हुनेछन् :

- सर्भिसिङको साधारण काम गर्न सक्नेछन् ।
- गाडीको चक्का, ब्रेक, फ्रेम र फोर्क (Fork) लाई मरम्मत गर्न/चालु हालतमा राख्न सक्नेछन् ।
- मोटरकारहरुमा साधारण बिजुलीको काम गर्न सक्नेछन् ।
- इन्धन-प्रणालीलाई चालु अवस्थामा राख्न सक्नेछन् ।
- ट्रान्समिशन प्रणाली र इन्जिनको साना तिना कामहरु गर्न सक्नेछन् ।

## पाठ्यक्रम विवरण:

यो पाठ्यक्रम एप्रेन्टिसहरुलाई अटो मेकानिक्स सम्बन्धी काममा आधारभूत ज्ञान तथा सीप प्रदान गर्ने उद्देश्यले तयार पारिएको हो । यसबाट एप्रेन्टिसहरुले असंगठित तरिकाबाट कार्यशालाहरुमा अटो

मेकानिक्स सम्बन्धी काममा आफ्नो क्षमता अभिवृद्धि गर्न सक्नेछन् । यो पाठ्यक्रम खास गरिकन दुइ पाङ्ग्रे र चार पाङ्ग्रे सबै प्रकारका मोटर गाडीहरुको सर्भिसिङ, मर्मत सम्भार गर्ने सम्बन्धी काममा सीप प्रदान गर्ने उद्देश्यमा केन्द्रित रहेको छ । साथसाथै यस पाठ्यक्रमले टेलिभिजन/रेडियो प्रणाली, ट्रान्समिशन र इन्जिनको साना तिना कामहरु सम्बन्धी सीप प्रदान गर्दछ ।

## लक्षित समूह :

यस पाठचक्रमका लक्षित समुह अन्तर्गत निकृष्ट प्रकारका बालश्रममा रहेका १४ बर्ष भन्दा माथिका उमेर समूहका बालश्रमिकहरु पर्दछन् । नेपालमा निम्न निकृष्ट प्रकारका बालश्रममा रहेका बालबालिकाहरूलाई बालश्रमिक मानिएको छ :

क) घरेलु बालश्रमिकहरू

ख) बालभरियाहरू

ग) बाल बँधुवा मजदूरहरू

घ) अवैध बेचविखनमा परको बालबालिकाहरू

ङ) सडक बालबालिकाहरू (खाते)

च) गलैंचा कारखानामा काम गर्ने बालबालिकाहरू

छ) खानीमा कामगर्ने बालबालिकाहरू

## प्रशिक्षार्थी संख्या :

तालीम दिने संस्था/उद्योग/कारखाना/कार्यशालामा उपलब्ध सुविधाहरूको आधारमा कार्यकालीन तालीम प्रशिक्षार्थीहरूको संख्या थपघट हुन सक्छ । तर प्रभावकारी सिकाइका लागि पाँचजना भन्दा बढि संख्या अनुपयुक्त हुन्छ ।

## तालीम प्रवेशको लागि न्यूनतम मापदण्ड :

क) निकृष्ट प्रकारका बालश्रमसँग सम्बन्धित हुनुपर्दछ ।

ख) चौध देखि माथि अठार वर्ष तलको उमेरको हुनुपर्दछ ।

ग) कार्यकालीन तालीमका लागि इच्छुक तथा प्रतिबद्ध हुनुपर्दछ ।

घ) हालका मालिक/अभिभावकले अनुमति प्रदान गरेको हुनुपर्दछ ।

ङ) साक्षर हुनुपर्दछ ।

## समयावधि :

कार्यक्रमको कूल समयावधि तीन देखि पाँच महिना (हप्तामा ५ वा ६ दिन र दिनको २ वा ३ घण्टाको दरमा) अथवा तालीम दिने संस्था/उद्योग/कारखाना/कार्यशाला/व्यक्ति तथा टिविपी (TBP) कार्यक्रम

चलाउने संस्थाका बीचमा भएको सम्झौता अनुसार हुनेछ । कूल समय मध्ये सैद्धान्तिक तथा प्रयोगात्मक समयको अनुपात भने २०:८० नै सुनिश्चित गरिनुपर्दछ ।

**प्रशिक्षणको माध्यम :**

प्रशिक्षणको माध्यम मूलतः नेपाली हुनेछ । प्रशिक्षणमा प्रयोग हुने औजार तथा मेशिनहरुको नामहरु भने चलन चल्तीमा रहेका जुनसुकै भाषामा हुन सक्नेछ ।

**न्यूनतम उपस्थितिको आवश्यकता :**

तालीम अवधिको कम्तीमा ९० प्रतिशत उपस्थिति जनाएका प्रशिक्षार्थीहरुले मात्र तालीममा सहभागी भएको प्रमाण पत्र प्राप्त गर्न सक्नेछन् ।

**प्रमाणपत्र सम्बन्धी व्यवस्था :**

राष्ट्रिय सीप परीक्षण समिति (प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गतको सीप परीक्षण महाशाखा) ले आफ्नो नियमानुसार सीप परीक्षण गरी सम्बन्धित कार्यकालीन तालीम प्रशिक्षार्थीलाई प्रमाण-पत्र प्रदान गर्ने छ ।

**कार्यकालीन तालीम दिनेको योग्यता :**

कार्यकालीन तालीम प्रदान गर्ने संस्था / उद्योग / कारखाना / कार्यशाला / व्यक्ति मा देहाय अनुसारको योग्यता हुनुपर्नेछ :

क) निकृष्ट प्रकारका बालश्रममा रहेका बालबालिकाहरूलाई उत्साह तथा प्रेरणा जगाई प्रशिक्षण दिन सक्ने,

ख) प्रशिक्षण सम्बन्धी तालीम तथा योग्यता भएको,

ग) तालीम संचालनका लागि उपयुक्त स्थान, उपकरणहरू, औजारहरू भएको,

घ) काम गर्ने सुरक्षित वातावरण भएको, तथा

ङ) रोजगारीको अवसरहरूको संम्भावना भएको ।

**प्रशिक्षार्थीको मूल्याङ्कन प्रक्रियाः**

कार्यकालीन तालीम दिने संस्था/उद्योग/कारखाना/कार्यशाला/व्यक्ति ले लगातारको मूल्याङ्कन तथा अनुगमनको आधारमा कार्यकालीन तालीम प्रशिक्षार्थीको मूल्याङ्कन गरिनेछ ।

**उपकरण, औजार तथा सामाग्रीहरू :**

यस तालीम संचालनका लागि देहायका उपकरण, औजार तथा सामाग्रीहरू आवश्यक पर्दछन् । कार्यकालीन तालीम प्रशिक्षार्थीहरूको संख्या, उपकरण तथा औजारको प्रयोग हुने समयको (कति पटक) आधारमा उपकरण तथा औजारहरुको आवश्यक संख्या फरक हुन सक्नेछ ।

| क्रम संख्या | औजार/उपकरणहरुको नाम | एकाइ |
|---|---|---|
| १. | एयर कम्प्रेशर (Air Compressor) | |
| २. | ब्याट्री चार्जर | |
| ३. | वाशिंग मेशिन | |
| ४. | हाइड्रोलिक लिफ्टर (Hydraulic Lifter) | |
| ५. | स्प्रे गन (Spray Gun) | |
| ६. | भ्याक्युम क्लिनर | |
| ७. | सोल्डरिङ आइरन (Soldering Iron) | |
| ८. | स्प्यानर सेट (Spanner Set) | |
| ९. | रीङ सेट (Ring Set) | |
| १०. | सकेट रेन्च | |
| ११. | पेचकसको सेट | |
| १२. | हथौडा | |
| १३. | पेन्चिसको सेट | |
| १४. | तेल राख्ने भाँडो | |
| १५. | प्रेशर गेज | |
| १६. | मल्टिमिटर | |
| १७. | प्लग रेन्च | |
| १८. | इम्प्याक्ट ड्राइभर | |
| १९. | फिलर गेज | |
| २०. | बेन्च भाइस | |
| २१. | बेन्च ग्राइण्डर | |
| २२. | ड्रिल मेशिन र बिट्स | |
| २३. | टायर लिभर | |
| २४. | भल्भ पुलर | |
| २५. | लक पेन्चिस | |
| २६. | कैंची | |
| २७. | ह्विल रेन्च | |
| २८. | ज्याक | |
| २९. | र्‍याचेट | |
| ३०. | फिल्टर रेन्च | |
| ३१. | चेन पुलर | |
| ३२. | ड्रेन प्लग रेन्च | |
| ३३. | विशेष पुलर सेट | |
| ३४. | क्यालीपर्स (Callipers) | |
| ३५. | टर्क रेन्च | |
| ३६. | सोली | |
| ३७. | तार ब्रश | |
| ३८. | फाइल सेट | |
| ३९. | आयल गन | |
| ४०. | सेन्टर पन्च | |

## प्रशिक्षणका लागि सुझावहरु

- उद्देश्यहरुको छनौट गर्ने ।
  - संज्ञानात्मक क्षेत्रका उद्देश्यहरु छनौट गरी लेख्ने ।
  - मनोकृयात्मक क्षेत्रका उद्देश्यहरु छनौट गरी लेख्ने ।
  - प्रभावी क्षेत्रका उद्देश्यहरु छनौट गरी लेख्ने ।
- विषयबस्तुको छनौट गर्ने
  - विषयबस्तुको विस्तृत अध्ययन गर्ने ।
  - संज्ञानात्मक क्षेत्रका विषयबस्तुहरुको छनौट गर्ने ।
  - मनोकृयात्मक क्षेत्रका विषयबस्तुहरुको छनौट गर्ने ।
  - प्रभावी क्षेत्रका विषयबस्तुहरुको छनौट गर्ने ।
- शैक्षणिक विधिहरुको छनौट गर्ने
  - विविध शैक्षणिक विधिहरु :
    - शिक्षक सक्रिय विधिहरु,
    - विद्यार्थी सक्रिय विधिहरु,
    - अन्तरक्रिया विधिहरु,
    - नाटकीय विधिहरु र
    - सामग्री केन्द्रित विधिहरु ।
  - निम्न आधारमा छनौट गर्ने :
    - पाठका (संज्ञानात्मक, मनोकृयात्मक र प्रभावी) क्षेत्रको उद्देश्यहरुका आधारमा ,
    - विषयबस्तुको स्वरुपको आधारमा ,
    - शिकारुको स्तर (संज्ञानात्मक, मनोकृयात्मक र प्रभावी) का उद्देश्यहरुका आधारमा ,
    - प्राप्य शैक्षणिक सामग्रीहरुको आधारमा र
    - शिक्षकको अनुभव तथा पृष्ठभूमिको आधारमा ।
- विविध शैक्षणिक सामग्रीहरुको छनौट गरी उपयुक्त स्थान र समयमा प्रयोग गर्ने ।
- मूल्याङ्कन गर्ने
  - विविध मूल्याङ्कनका साधनहरु निर्माण गर्ने
  - मूल्याङ्कनका साधनहरु प्रयोग गरी संज्ञानात्मक, मनोकृयात्मक र प्रभावी क्षेत्रका उद्देश्यहरु प्राप्तिका मूल्याङ्कन गर्ने
- कक्षा कोठा र फिल्ड कार्यको व्यवस्थापन र संगठनको योजना तयार गर्ने ।
- उद्देश्य, विषयबस्तु र शिक्षण विधिका वीच तालमेल गराउने ।
- पाठयोजनाहरु (सैद्धान्तिक र प्रयोगात्मक पाठयोजनाहरु) तयार गर्ने ।
- कार्यक्रम संचालन गर्ने ।
- कार्यक्रमको मूल्याङ्कन गर्ने ।

## प्रशिक्षार्थीका कार्य सम्पादन मूल्याङ्कनको लागि विशेष सुझाव :

- कार्य विश्लेषण गर्ने ।
- कार्य विश्लेषणको आधारमा विस्तृत कार्य सम्पादन जाँच्ने सूची तयार गर्ने ।
- 'जाँच्ने सूची' प्रयोग गरी परिक्षार्थीहरुको लगातार कार्य सम्पादन मूल्याङ्कन गर्ने ।

## सीप तालीमका लागि सुझाव :

- प्रशिक्षकले कार्य सम्पादन प्रदर्शन गर्ने :
  - सामान्य गतिमा प्रदर्शन गर्ने ।
  - मन्द गतिमा हरेक क्रियाकलाप र कामहरुको बयान गर्दै प्रदर्शन गर्ने ।

- ➢ द्रुत गतिमा प्रदर्शन गर्ने ।
- प्रशिक्षार्थीलाई अभ्यासको मौका दिने :
  - ➢ सिकारुलाई पहिले हरेक कदमहरुमा सहयोग गर्दै अभ्यास गर्न सिकाउने⁄ लगाउने ।
  - ➢ सिकारुलाई स्वतन्त्ररुपमा गर्न सक्ने बनाउन आवश्यक संख्यामा अभ्यासहरु गर्ने मौका दिने ।
  - ➢ सिकारु सम्बन्धित सीपमा कुशल भएपछि मात्र अर्को सीप (कार्य) सिकाउने ।
- अन्य सुझावहरु :
  - ➢ सीपमूलक तालीममा सिद्धान्तहरु प्रयोग गर्ने ८०५ समय कार्य सम्पादन र २०५ समय सैद्धान्तिक प्रशिक्षणमा खर्च गर्ने ।
  - ➢ वयस्क सिकाईका सिद्धान्तहरु प्रयोग गर्ने ।
  - ➢ सिकारुहरुमा आन्तरिक उत्प्रेरणा जागरण गराउँदै अधिकतम सिकाई क्रियाकलापमा संलग्न गराउने ।

➢ सिकारुका ज्ञान, सीप र प्रवृत्तिको आधारमा प्रशिक्षण गर्ने ।

## मुख्य कार्य तथा सीपहरुको संक्षिप्त सूची

| क्रम संख्या | कार्यहरु/सीपहरु | समय (घण्टामा) | | |
|---|---|---|---|---|
| | | सै. | प्रयो. | जम्मा |
| क. | अन्यसँग सम्पर्क राख्ने | | | |
| | क.१. अटो मेकानिक्ससँग संचार गर्ने | १ | २ | ३ |
| | क.२. ग्राहकसँग संचार गर्ने | १ | २ | ३ |
| | क.३. रोजगारदातासँग संचार गर्ने | १ | २ | ३ |
| | क.४. सहकर्मीहरुसँग संचार गर्ने | १ | २ | ३ |
| | क.५. सुपरिवेक्षकवेक्षकसँग संचार गर्ने | १ | २ | ३ |
| | क.६. आपूर्तिकर्तासँग संचार गर्ने | १ | २ | ३ |
| | क.७. आगन्तुक सँग संचार गर्ने | १ | २ | ३ |
| | क.८. कनिष्ठसँग संचार गर्ने | १ | २ | ३ |
| | क.९. मोटरगाडीहरुको सामान पाइने पसलमा संचार गर्ने | १ | २ | ३ |
| | क.१०. टेलिफोन रिसीभ गर्ने | १ | २ | ३ |
| ख. | सर्भिसीङको साधारण काम गर्ने | | | |
| | ख.१. मोटरगाडीहरु सफा गर्ने | २ | ६ | ८ |
| | ख.२. विभिन्न भागहरुमा तेल हाल्ने | १ | ३ | ४ |
| | ख.३. स्पार्क प्लग (Spark-Plug) सफा गर्ने/ चालु हालतमा राख्ने | १ | ४ | ५ |
| | ख.४. एयर फिल्टर सफा गर्ने/फेर्ने | १ | २ | ३ |
| | ख.५. इन्धन फिल्टर/तेलको फिल्टर सफा गर्ने/फेर्ने | | | |
| | ख.६. चेन जाँच्ने/ठीक गर्ने (मोटरसाइकलको) | १ | ३ | ४ |
| | ख.७. कन्ट्रोल केबल ठीक गर्ने/फेर्ने | १ | ४ | ५ |
| | ख.८. ब्रेक प्रणाली जाँच्ने/ ठीक गर्ने | २ | ६ | ८ |
| | ख.९. पंखाको फित्ता जाँच्ने/ठिक गर्ने /फेर्ने | १ | २ | ३ |
| | ख.१०. एयर प्रेशर जाँच्ने | १ | २ | ३ |
| | ख.११. ब्याट्री जाँच्ने | २ | ४ | ६ |
| | ख.१२. चिसो बनाउने प्रणाली (Cooling Sytem) जाँच्ने | २ | ४ | ६ |
| | ख.१३. धुलो सफा गर्ने | १ | ४ | ५ |
| | ख.१४. तेल फेर्ने | १ | ३ | ४ |
| | ख.१५. गाडीहरु पालिश गर्ने | १ | ३ | ४ |
| ग. | चक्का/ब्रेक/टायर/ट्यूब चालु हालतमा राख्ने | | | |
| | ग.१. चक्का हटाउने | १ | ४ | ५ |
| | ग.२. टायर/ट्यूब रेखदेख गर्ने/मरम्मत गर्ने | १ | ५ | ६ |
| | ग.३. चक्काको एलाइनमेन्ट मिलाउने | २ | ६ | ८ |
| | ग.४.ब्रेक-शु जाँच्ने/सफा गर्ने/फेर्ने (मोटरसाइकलको) | २ | ८ | १० |

| क्रम संख्या | कार्यहरु/सीपहरु | समय (घण्टामा) | | |
|---|---|---|---|---|
| | | सै. | प्रयो. | जम्मा |
| | ग.५. स्प्रोकेट (Sprocket) फेर्ने (मोटरसाइकलको) | १ | ३ | ४ |
| | ग.६. चक्का फिट गर्ने | १ | ५ | ६ |
| घ. | ब्रेक प्रणाली चालु अवस्थाा राख्ने | | | |
| | घ.१. ड्रम ब्रेक शु (Drun brake shoe) जाँच्ने | १ | ४ | ५ |
| | घ.२. ब्रेक डिस्क/प्याड जाँच्ने | १ | ४ | ५ |
| | घ.३. ब्रेक फ्लुइड (Brake Fluid) जाँच्ने | १ | ३ | ४ |
| | घ.४. चुहावट जाँच गर्ने (मास्टर ह्विल सिलीण्डर र पाइप लाइन) | १ | ५ | ६ |
| | घ.५. ब्रेक मिलाउने | २ | ६ | ८ |
| | घ.६. एयर ब्लिडीङ (Air-bleeding) गर्ने | १ | ५ | ६ |
| ङ. | फ्रेम/फोर्क चालु अवस्थामा राख्ने (Suspension system) | | | |
| | ङ.१. स्लाइड कभर (Slide Cover) हटाउने ( मोटरसाइकलका लागि) | १ | ३ | ४ |
| | ङ.२. सील एसेम्बली (Seal Assembly) हटाउने ( मोटरसाइकलका लागि) | १ | ४ | ५ |
| | ङ.३. इन्धन ट्याङ्की हटाउने (मोटरसाइकलका लागि) | १ | ३ | ४ |
| | ङ.४. स्प्रोकेट/चेन/कभर हटाउने (मोटरसाइकलका लागि) | १ | ५ | ६ |
| | ङ.५. क्यारीयर फिट गर्ने/हटाउने (मोटरसाइकलका लागि) | १ | ४ | ५ |
| | ङ.६. हेण्डल बार/लिभर/होल्डर फिट गर्ने/हटाउने ( मोटरसाइकलका लागि) | २ | ८ | १० |
| | ङ.७. मडगार्ड (Mudguard) फिट गर्ने/हटाउने ( मोटरसाइकलका लागि) | १ | ३ | ४ |
| | ङ.८. शक एब्जर्भर हटाउने/फेर्ने (मोटरसाइकलका लागि) | २ | १० | १२ |
| | ङ.९. लिफ स्प्रिङ (Leaf spring) हटाउने | १ | ९ | १० |
| | ङ.१०. सस्पेन्सन बुश (Suspension bush) फेर्ने | १ | ४ | ५ |
| च. | बिजुलीको साधारण काम गर्ने | | | |
| | च.१. लाइट कभर फेर्ने | १ | ३ | ४ |
| | च.२. चिम (Bulb) फेर्ने | १ | ३ | ४ |
| | च.३. फ्यूज फेर्ने | १ | ३ | ४ |
| | च.४. हर्न मरम्मत गर्ने/फेर्ने | १ | ३ | ४ |
| | च.५. डिस्ट्रीब्युटर क्याप फेर्ने | २ | ४ | ६ |
| | च.६. फ्ल्यासर/रेक्टिफायर (Flasher/Rectifier) फेर्ने | २ | ८ | १० |
| | च.७. स्विच फेर्ने (मोटरसाइकलका लागि) | २ | ८ | १० |
| | च.८. इग्निशन (Ignition) कोइल (Coil)/केबल फेर्ने | २ | ६ | ८ |
| | च.९. सि.डि.आई./कन्डेन्सर (Condenser) फेर्ने | १ | ४ | ५ |

| क्रम संख्या | कार्यहरु/सीपहरु | समय (घण्टामा) | | |
|---|---|---|---|---|
| | | सै. | प्रयो. | जम्मा |
| छ. | इन्धन प्रणाली चालु अवस्थामा राख्ने | | | |
| | छ.१. पेट्रोल फिल्टर मरम्मत गर्ने | १ | ३ | ४ |
| | छ.२. इन्धनको पाइप/ट्याप सफा राख्ने | १ | ३ | ४ |
| | छ.३. इन्धन ट्याङ्की सफा गर्ने | १ | ४ | ५ |
| | छ.४. कार्बोरेटर सुख्खा पार्ने | २ | ६ | ८ |
| | छ.५. ए.सी. पम्प हटाउने (पेट्रोल फ्युल पम्प) | २ | ८ | १० |
| | छ.६. इन्जेक्टर हटाउने (डिजेलबाट चल्ने इन्जिनका लागि) | २ | १० | १२ |
| | छ.७. उपयुक्त गति (Idle speed) सेट गर्ने ( मोटरसाइकलका लागि) | १ | ४ | ५ |
| ज. | ट्रान्समिशन प्रणालीका साना तिना कामहरु गर्ने | | | |
| | ज.१. प्रोपेलर साफ्ट (Propeller shaft) अलग गर्ने | १ | ४ | ५ |
| | ज.२. क्रस जोइन्ट फेर्ने | १ | ९ | १० |
| | ज.३. गियर बक्स हटाउने | २ | १० | १२ |
| | ज.४. ट्रान्समिशन तेल जाँच्ने/भर्ने | १ | ४ | ५ |
| | ज.५. रबर माउण्ट फेर्ने | १ | ५ | ६ |
| | ज.६. क्लच प्लेट (Clutch plate) हटाउने | २ | १२ | १४ |
| झ. | इन्जिनसँग सम्बन्धित साना तिना कामहरु गर्ने | | | |
| | झ.१. इन्जिन सफा गर्ने | २ | १४ | १६ |
| | झ.२. गाडीबाट इन्जिन हटाउने | २ | १० | १२ |
| | झ.३. इन्जिनका भागहरु धुने | २ | ८ | १० |
| | झ.४. गाडीमा इन्जिन जडान गर्ने | २ | १४ | १६ |
| | झ.५. फ्युल/तेल/पानी आदिका लाइनसँग जोड्ने | २ | १० | १२ |
| ञ. | पेशागत वृत्ती विकास गर्ने | | | |
| | ञ.१. प्लम्बरसँग परामर्श लिने | १ | २ | ३ |
| | ञ.२. अन्य कार्यशालाहरुको भ्रमण गर्ने | १ | ३ | ४ |
| | ञ.३. सम्बन्धित सामाग्रीहरु अध्ययन गर्ने (कागजपत्र, पुस्तिका, ब्रोशियर इत्यादि) | १ | ३ | ४ |
| | ञ.४. तालीम/सेमिनार/कार्यशालाहरुमा उपस्थित हुने | १ | ४ | ५ |
| | ञ.५. श्रव्य-दृश्यहरुको अवलोकन गर्ने | १ | २ | ३ |
| | ञ.६. इन्टरनेट चलाउने | १ | २ | ३ |
| | ञ.७. तालीम/कार्यक्रम चलाउनका लागि स्थानको खोजी गर्ने | १ | २ | ३ |
| | जम्मा | १०३ | ३७९ | ४८२ |

मुख्य कार्य (Duty) नं. १: अन्यसँग सम्पर्क राख्ने

| क्र.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| १. | मेकानिक्ससँग संचार गर्ने | ▪ सम्पर्कको अर्थ र महत्व<br>▪ सम्पर्कका प्रकारहरु (मौखिक, सांकेतिक रुपमा, लिखित)<br>▪ मौखिक सम्पर्कको प्रविधी<br>▪ सहयोगात्मक कामका लागि संवाद<br>▪ सुचना आदान प्रदान<br>▪ सिनियरहरुसँग कामबारे अग्रिम छलफल<br>▪ संवादका लागि उपयुक्त भाषाको प्रयोग (तल्ला तथा उच्च तहका कर्मचारीहरुसँग) | १ | २ | ३ | |
| २. | ग्राहकसँग संचार गर्ने | ▪ ग्राहकहरुको कुरा र उनीहरुको विचारको महत्व (विचार दिने, अस्पष्ट कुराहरु समाधानका उपाय) | १ | २ | ३ | |
| ३. | रोजगारदातासँग संचार गर्ने | ▪ कार्य नं. १ हेर्नुहोस् । | १ | २ | ३ | |
| ४. | सहकर्मीहरुसँग संचार गर्ने | ▪ दिइएको कामबारे सहकर्मीहरुसँग छलफल गर्नुको महत्व | १ | २ | ३ | |
| ५. | सुपरिवेक्षकसँग संचार गर्ने | ▪ कार्य नं. १ हेर्नुहोस् । | १ | २ | ३ | |
| ६. | आपूर्तिकर्तासँग संचार गर्ने | ▪ कार्य नं. २ हेर्नुहोस् । | १ | २ | ३ | |
| ७. | आगन्तुकसँग संचार गर्ने | ● कार्य नं. २ हेर्नुहोस् । | १ | २ | ३ | |
| ८. | जुनियरसँग संचार गर्ने | ● कार्य नं. ४ हेर्नुहोस् । | १ | २ | ३ | |
| ९. | मोटरगाडीहरुको सामान पाइने पसलमा संचार गर्ने | ● माग र पूर्तिको अर्डर<br>● बिल/भर्पाइ<br>● सामानहरुको आपूर्ति र डेलिभरी | १ | २ | ३ | |
| १०. | टेलिफोन रिसीभ गर्ने | ● टेलिफोनको अर्थ र महत्व<br>● टेलिफोन रिसीभ गर्ने प्रविधि<br>● टेलिफोन रीसिभ गर्ने तरिका<br>● समाचार लेख्ने प्रविधि | १ | २ | ३ | |

**मुख्य कार्य (Duty) नं. २: सर्भिसिङको साधारण काम गर्ने**

| क.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| १. | मोटरगाडीहरु सफा गर्ने | ▪ पानीको पम्प र कम्प्रेशर चलाउने प्रविधि<br>▪ गाडीहरुको धुन मिल्ने भागहरु<br>▪ सफा गर्ने सामानहरु (सर्फ, फ्रोल साबुन)<br>▪ स्प्रे मिलाउने<br>▪ सफा गर्ने प्रविधि<br>▪ सुरक्षा सम्बन्धी उपाय | २ | ६ | ८ | |
| २. | विभिन्न भागहरुमा तेल हाल्ने | ▪ लुब्रिकेशन र ग्रिजीङ प्रणाली<br>▪ लुब्रिकेन्टको विशेषता र प्रयोग<br>▪ लुब्रिकेन्टका प्रकारहरु<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ३ | ४ | |
| ३. | स्पार्क प्लग (Spark-Plug) सफा गर्ने/ चालु हालतमा राख्ने | ▪ इग्निशन (Ignition) को तरिका, प्रकार र यसका भागहरु<br>▪ इग्निशन गर्दा अपनाउनु पर्ने सावधानीहरु र चालु हालतमा राख्ने तरिका<br>▪ समस्या समाधानका उपाय<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ४ | ५ | |
| ४. | एयर फिल्टर सफा गर्ने/फेर्ने | ▪ इन्डक्सन (Induction) सिस्टम<br>▪ एयर फिल्टर र यसका प्रकारहरु<br>▪ चालु हालतमा राख्ने र सावधानी अपनाउने तरिका | १ | २ | ३ | |
| ५. | इन्धन फिल्टर/तेलको फिल्टर सफा गर्ने/फेर्ने | ▪ फ्यूल सिस्टम र यसका भागहरु<br>▪ फिल्टरका प्रकार र प्रयोग<br>▪ तेल फिल्टरका प्रकारहरु<br>▪ सुरक्षा सम्बन्धी उपाय | | | | |
| ६. | चेन जाँच्ने/ठीक गर्ने (मोटरसाइकलको) | ▪ चेनको खुकुलोपना<br>▪ लुब्रिकेशन र मिलाउने तरिका | १ | ३ | ४ | |
| ७. | कन्ट्रोल केबल ठीक गर्ने/फेर्ने | ▪ केबलको प्रयोग र प्रकारहरु<br>▪ केबल मिलाउने तरिका<br>▪ समस्या समाधानका उपाय<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ४ | ५ | |
| ८. | ब्रेक प्रणाली जाँच्ने/ ठीक | ▪ ब्रेक प्रणालीको परिचय र | २ | ६ | ८ | |

| क.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| | गर्ने | कामका नियमहरु<br>■ ब्रेकका प्रकारहरु र अंगहरु<br>■ स्वतन्त्र बनाउने तरिका<br>■ समस्या समाधानका उपाय<br>■ सुरक्षा सम्बन्धी उपाय | | | | |
| ९. | पंखाको फित्ता जाँच्ने/ठिक गर्ने /फेर्ने | ■ पंखाको फित्ता र तन्काइ<br>■ फेर्ने तरिका | १ | २ | ३ | |
| १०. | एयर प्रेशर जाँच्ने | ■ टायरको साइज<br>■ टायरमा हावा भर्ने तरिका<br>■ टायर लगाउनुका कारण<br>■ एयर प्रेशर गेज लगाउने तरिका<br>■ अगाडी र पछाडीका चक्कामा हावाको चाप सम्बन्धी विशेष बर्णन<br>■ समस्या पत्ता लगाउने<br>■ सुरक्षा सम्बन्धी उपाय | १ | २ | ३ | |
| ११ | ब्याट्री जाँच्ने | ■ ब्याट्रीको परिचय/प्रकार र काम<br>■ ब्याट्रीको काम गर्ने सिद्धान्त<br>■ चार्ज गर्ने विधि<br>■ ब्याट्रीको सुरक्षा, प्रकार र संभार<br>■ सुरक्षा सम्बन्धी उपाय<br>■ समस्या समाधानका उपाय | २ | ४ | ६ | |
| १२. | चिसो बनाउने प्रणाली (Cooling Sytem) जाँच्ने | ■ कुलिङ प्रणालीको परिचय र उद्देश्य<br>■ कुलिङ प्रणालीका प्रकारहरु र यसका अंगहरु<br>■ चिसो बनाउनुको विशेषता<br>■ समस्या समाधानका उपाय<br>■ सुरक्षा सम्बन्धी उपाय | २ | ४ | ६ | |
| १३. | धुलो सफा गर्ने (भ्याकुम चलाउने) | ■ प्रयोग र उद्देश्य<br>■ सावधानी र चलाउने प्रविधि | १ | ४ | ५ | |
| १४. | तेल फेर्ने | ■ तेलको श्रेणी र विशेषता<br>■ भिस्कोसिटी र भिस्कोसिटी इन्डेक्स<br>■ (एस.ए.ई.)SAE र (ए.पि.आई.) API को स्पेशिफिकेशन | १ | ३ | ४ | |
| १५. | गाडीहरु पालिश गर्ने | ■ गाडीहरु पालिश गर्नुको उद्देश्य | १ | ३ | ४ | |

| क.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| | | ▪ वाक्स र पालिश लगाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | | | | |

**<u>मुख्य कार्य (Duty) नं. ३</u> चक्का/ब्रेक/टायर/ट्यूब चालु हालतमा राख्ने**

| क.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| १. | चक्का हटाउने | ▪ मोटरगाडीहरु उचाल्ने ठाउँ<br>▪ ज्याक र लिफ्टरका प्रकारहरु<br>▪ तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ४ | ५ | |
| २. | टायर/ट्यूब रेखदेख गर्ने/मरम्मत गर्ने | ▪ चक्का र टायरको बनावट<br>▪ प्रकारहरु (रेडियल र क्रश प्लाई टायर)<br>▪ फ्ल्याट ट्यूबको मरम्मत गर्ने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ५ | ६ | |
| ३. | चक्काको एलाइनमेन्ट मिलाउने | ▪ स्टेरियङको ज्यामितीय जानकारी<br>▪ टो इन टो आउट<br>▪ चक्काको सन्तुलन<br>▪ टायरको परिक्रमा (घुमाइ)<br>▪ पंक्तिबद्ध गर्ने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | २ | ६ | ८ | |
| ४. | ब्रेक-शु जाँच्ने/सफा गर्ने/फेर्ने ( मोटरसाइकलको) | ▪ ब्रेक प्रणाली र प्रकारहरु<br>▪ ब्रेकका अंगहरु<br>▪ समस्या समाधानका उपाय<br>▪ तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | २ | ८ | १० | |
| ५. | स्प्रोकेट (Sprocket) फेर्ने (मोटरसाइकलको) | ▪ चेन लिंक<br>▪ स्प्रोकेटको साइज<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ३ | ४ | |
| ६. | चक्का फिट गर्ने | ▪ ज्याक चलाउने तरिका<br>▪ चक्काको नट कस्ने र मिलाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ५ | ६ | |

**मुख्य कार्य (Duty) नं. ४ ब्रेक प्रणाली चालु अवस्थामा राख्ने**

| क.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| १. | ड्रम ब्रेक शु (Drun brake shoe) जाँच्ने | ▪ ड्रम ब्रेकको काम गर्ने सिद्धान्त र अंगहरु<br>▪ ब्रेक शु वेयर (Break Shoe wear)<br>▪ ब्रेक चलाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ४ | ५ | |
| २. | ब्रेक डिस्क/प्याड जाँच्ने | ▪ डिस्क ब्रेकको परिचय<br>▪ काम गर्ने सिद्धान्त र अंगहरु<br>▪ डिस्क खिइने कारणहरु<br>▪ ब्रेक प्याड<br>▪ समस्या पत्ता लगाउने प्रक्रिया<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ४ | ५ | |
| ३. | ब्रेक फ्लुइड (Brake Fluid) जाँच्ने | ▪ ब्रेक फ्युड, विशेषता र श्रेणी<br>▪ डि.ओ.टी.(DOT), एस.ओ.ई. (SAE), नम्बरको जानकारी | १ | ३ | ४ | |
| ४. | चुहावट जाँच गर्ने (मास्टर ह्विल सिलीण्डर र पाइप लाइन) | ▪ ब्रेक पाइप लाइन, ब्रेक कप, बाल्टीन, खिइएको पाइप र जोर्नीको चुहावट<br>▪ समस्या समाधानका उपाय<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ५ | ६ | |
| ५. | ब्रेक मिलाउने | ▪ ब्रेक पेडल (Break Pedal)<br>▪ स्वतन्त बनाउने तरिका<br>▪ ब्रेक शु मिलाउने<br>▪ ब्रेकको समस्या समाधानका उपाय<br>▪ सुरक्षा सम्बन्धी उपाय | २ | ६ | ८ | |
| ६. | एयर ब्लिडीङ (Air-bleeding) गर्ने | ▪ एयर ब्लिडीङको महत्व<br>▪ ब्रेक प्रणालीमा एयर राखिएको कारण<br>▪ ब्रेकको नरमपना र राम्रोसँग नलाग्ने ब्रेक<br>▪ समस्या पत्ता लगाउने<br>▪ ब्लिडीङ को तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ५ | ६ | |

**मुख्य कार्य (Duty) नं. ५** फ्रेम/फोर्क (Suspension system) चालु अवस्थामा राख्ने

| क.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| १. | स्लाइड कभर (Slide Cover) हटाउने ( मोटरसाइकलका लागि) | ▪ मोटरका अंगहरु<br>▪ भागहरुको पहिचान<br>▪ तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ३ | ४ | |
| २. | सील एसेम्बली (Seal Assembly) हटाउने ( मोटरसाइकलका लागि) | ▪ आयल सील (Oil Seal) को प्रयोगको उद्देश्य<br>▪ आयल सीलको विशेषता र सावधानी<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ४ | ५ | |
| ३. | इन्धन ट्याङ्की हटाउने ( मोटरसाइकलका लागि) | ▪ इन्धन ट्याङ्कीको प्रयोगको उद्देश्य<br>▪ इन्धन ट्याङ्की चलाउँदा सावधानी<br>▪ ट्याङ्की हटाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ३ | ४ | |
| ४. | स्प्रोकेट/चेन/कभर हटाउने (मोटरसाइकलका लागि) | ▪ स्प्रोकेट/चेन/कभर प्रयोग गर्नुको उद्देश्य<br>▪ विशेषता र सावधानी<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ५ | ६ | |
| ५. | क्यारीयर फिट गर्ने/हटाउने ( मोटरसाइकलका लागि) | ▪ क्यारीयरको प्रयोग गर्नुको उद्देश्य<br>▪ तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ४ | ५ | |
| ६. | हेण्डल बार/लिभर/होल्डर फिट गर्ने/हटाउने ( मोटरसाइकलका लागि) | ▪ ह्याण्डल बार तथा बियरिङ्ग<br>▪ कोन तथा यसको सिधा अवस्था<br>▪ फिट गर्ने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | २ | ८ | १० | |
| ७. | मडगार्ड (Mudguard) फिट गर्ने/हटाउने ( मोटरसाइकलका लागि) | ▪ मडगार्डको प्रयोगको उद्देश्य<br>▪ फिट गर्ने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ३ | ४ | |
| ८. | शक एब्जर्भर हटाउने/फेर्ने ( मोटरसाइकलका लागि) | ▪ सस्पेन्सन प्रणाली र यसका प्रकारहरु<br>▪ सक एब्जर्भर को काम गर्ने सिद्धान्त<br>▪ तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | २ | १० | १२ | |
| ९. | लिफ स्प्रिङ (Leaf spring) हटाउने | ▪ गाडीको लिफ्टिङ्गको अवस्था<br>▪ ज्याक र लिफ्टरका प्रकारहरु<br>▪ चलाउने तरिका | १ | ९ | १० | |

| क.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| | | ▪ लिफ स्प्रिङका अंगहरु<br>▪ स्प्रिङ बुश वेयर<br>▪ सुरक्षा सम्बन्धी उपाय | | | | |
| १०. | सस्पेन्सन बुश (Suspension bush) फेर्ने | ▪ कार्य नं. ९ हेर्नुहोस् । | १ | ४ | ५ | |

**मुख्य कार्य (Duty) नं. ६** **बिजुलीको साधारण काम गर्ने**

| क.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| १. | लाइट कभर फेर्ने | ▪ लाइट कभरको उद्देश्य<br>▪ कभर फेर्ने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ३ | ४ | |
| २. | चिम (Bulb) फेर्ने | ▪ चिमको प्रकार र साइज<br>▪ वाटको किसिम<br>▪ फेर्ने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ३ | ४ | |
| ३. | फ्यूज फेर्ने | ▪ फ्यूजको महत्व र उद्देश्य<br>▪ फ्यूजको साइज र प्रकारहरु<br>▪ अम्पायरको किसिम<br>▪ फेर्ने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ३ | ४ | |
| ४. | हर्न मरम्मत गर्ने/फेर्ने | ▪ हर्नको महत्व<br>▪ मिलाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ३ | ४ | |
| ५. | डिस्ट्रीब्युटर क्याप फेर्ने | ▪ मुख्य कार्य नं. २ को कार्य ३ हेर्नुहोस् ।<br>▪ काम गर्ने सिद्धान्त र सर्किट नक्सा<br>▪ समस्या समाधानका उपाय<br>▪ सुरक्षा सम्बन्धी उपाय | २ | ४ | ६ | |
| ६. | फ्ल्यासर/रेक्टिफायर (Flasher/Rectifier) फेर्ने | ▪ वायरिङको जानकारी/सर्किटको नक्सा<br>▪ साइड इन्डिकेटर लाइटको महत्व<br>▪ चार्ज गर्ने तरिका र यसका अंगहरु<br>▪ समस्या पत्ता लगाउने तरिका<br>▪ जाँच्ने (Testing) तरिका | २ | ८ | १० | |

| क.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| | | ▪ सुरक्षा सम्बन्धी उपाय | | | | |
| ७. | स्विच फेर्ने (मोटरसाइकलका लागि) | ▪ वायरिङ/सर्किट नक्सा<br>▪ स्विचको प्रयोग र प्रकारहरु<br>▪ सम्भार तथा समस्या पत्ता लगाउने तरिका<br>▪ तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | २ | ८ | १० | |
| ८. | इग्निशन (Ignition) कोइल (Coil)/केबल फेर्ने | ▪ इग्निशन कोइलको महत्व र काम गर्ने सिद्धान्त<br>▪ समस्या पत्ता लगाउने तरिका<br>▪ जाँच्ने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | २ | ६ | ८ | |
| ९. | सि.डी.आई. (C.D.I.) /कन्डेन्सर (Condenser) फेर्ने | ▪ इग्निशन प्रणालीका प्रकारहरु<br>▪ सि.डी.आई. को काम गर्ने सिद्धान्त र अंगहरु<br>▪ जाँच्ने तरिका<br>▪ समस्या पत्ता लगाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ४ | ५ | |

**<u>मुख्य कार्य (Duty) नं. ७</u> इन्धन प्रणाली चालू अवस्थामा राख्ने**

| क.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| १. | पेट्रोल फिल्टर मरम्मत गर्ने | ▪ फ्यूल सिस्टमको महत्व र यसका अंगहरु<br>▪ समस्या समाधानका उपाय<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ३ | ४ | |
| २. | इन्धनको पाइप/धारा सफा राख्ने | ▪ इन्धनको पाइप/धाराको महत्व र यसका अंगहरु<br>▪ सफा गर्ने तरिका<br>▪ समस्या समाधानका उपाय<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ३ | ४ | |
| ३. | इन्धन ट्याङ्की सफा गर्ने | ▪ इन्धन ट्याङ्कीको महत्व<br>▪ अंगहरु<br>▪ समस्या समाधानका उपाय<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ४ | ५ | |
| ४. | कारब्यूरेटर सुख्खा पार्ने | ▪ कारब्यूरेटरको महत्व र काम गर्ने सिद्धान्त<br>▪ सुरक्षा सम्बन्धी उपाय | २ | ६ | ८ | |
| ५. | ए.सी. (A.C.) पम्प | ▪ ए.सी. पम्पको परिचय, | २ | ८ | १० | |

| क.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| | हटाउने (पेट्रोल फ्युल पम्प) | महत्व र काम गर्ने सिद्धान्त<br>▪ ए.सी. पम्पका भागहरु<br>▪ समस्या पत्ता लगाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | | | | |
| ६. | इन्जेक्टर हटाउने (डिजेलबाट चल्ने इन्जिनका लागि) | ▪ डिजेल फ्यूल प्रणालीको परिचय<br>▪ काम गर्ने सिद्धान्त<br>▪ अंगहरु<br>▪ इन्जेक्टरको प्रकारहरु र काम गर्ने सिद्धान्त<br>▪ जाँच्ने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | २ | १० | १२ | |
| ७. | उपयुक्त गति (Idle speed) सेट गर्ने (मोटरसाइकलका लागि) | ▪ सेटिङको महत्व<br>▪ कारब्यूरेटरको सेटिङ्ग<br>▪ उपयुक्त गतिको परिभाषा<br>▪ आर.पि.एम<br>▪ पायलट एयर स्क्रु तथा पायलट जेट<br>▪ ट्युनिङ्ग गर्ने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ४ | ५ | |

**<u>मुख्य कार्य (Duty) नं. ८</u> ट्रान्समिसन प्रणालीका साना तिना कामहरु गर्ने**

| क.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| १. | प्रोपेलर साफ्ट (Propeller shaft) अलग गर्ने | ▪ ड्राइभ साफ्ट र यसका सिद्धान्त<br>▪ उचित हेरचाह/सम्भार<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ४ | ५ | |
| २. | क्रस जोइन्ट फेर्ने | ▪ क्रस जोइन्टको परिचय<br>▪ महत्व र काम<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ९ | १० | |
| ३. | गियर बक्स हटाउने | ▪ गियर बक्सको महत्व<br>▪ काम गर्ने सिद्धान्त<br>▪ गियरबक्सका प्रकारहरु<br>▪ समस्या पत्ता लगाउने तरिका<br>▪ हटाउने प्रक्रिया<br>▪ सुरक्षा सम्बन्धी उपाय | २ | १० | १२ | |
| ४. | क्लच प्लेट हटाउने | ▪ क्लच र यसको महत्व<br>▪ क्लचका प्रकारहरु र यसका | २ | १२ | १४ | |

| क.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| | | अंगहरु<br>▪ स्वतन्त्र ढंगले मिलाउने तरिका<br>▪ समस्या समाधानका उपाय<br>▪ सुरक्षा सम्बन्धी उपाय | | | | |
| ५. | ट्रान्समिशन तेल जाँच्ने/भर्ने | ▪ तेलको श्रेणी, विशेषता र यसको भिस्कोसिटी<br>▪ एस.ए.ई (SAE) र ए.पी.आई. (API) नम्बर<br>▪ तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ४ | ५ | |
| ६ | रबर माउण्ट फेर्ने | ▪ माउण्टिङ र यसको महत्व<br>▪ माउण्टिङको प्रयोग र प्रकारहरु<br>▪ सावधानी<br>▪ फेर्ने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ५ | ६ | |

**मुख्य कार्य (Duty) नं. ९ इन्जिनसँग सम्बन्धित साना तिना कामहरु गर्ने**

| क.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| १. | इन्जिन सफा गर्ने | ▪ इन्जिनको परिभाषा<br>▪ आई.सी.(IC) इन्जिनका प्रकारहरु<br>▪ टु-स्ट्रोक/फोर स्ट्रोक आई.सी. इन्जिनको काम गर्ने सिद्धान्त<br>▪ इन्जिनका अंगहरु<br>▪ सफा गर्ने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | २ | १४ | १६ | |
| २. | गाडीबाट इन्जिन हटाउने | ▪ इन्जिन मरम्मत गर्नुपर्ने कारणहरु<br>▪ इन्जिनका उपयोगिता<br>▪ इन्जिन लिफ्टिङ प्रविधि<br>▪ सुरक्षा सम्बन्धी उपाय | २ | १० | १२ | |
| ३. | इन्जिनका भागहरु धुने | ▪ इन्जिनको धुलाई (पानी, मट्टितेल, बफ्याएर/उमालेर धुने तरिका)<br>▪ सुरक्षा सम्बन्धी उपाय | २ | ८ | १० | |
| ४. | गाडीमा इन्जिन जडान गर्ने | ▪ जडान गर्ने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | २ | १४ | १६ | |

| क.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| ५. | फ्युल/तेल/पानी आदिका लाइनसँग जोड्ने | ▪ फ्यूल/तेल/पानीका लाइनहरु जोड्ने प्रक्रिया<br>▪ सुरक्षा सम्बन्धी उपाय | २ | १० | १२ | |

**<u>मुख्य कार्य (Duty) नं. १०</u>: पेशागत वृत्ति विकास गर्ने**

| क.सं. | आवश्यक सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| १. | अटो मेकानिक्ससँग परामर्श लिने | ▪ अटो मेकानिक्ससँग पेशाको खोजी सम्बन्धी गरिने क्रियाकलापको महत्व | १ | २ | ३ | |
| २. | अन्य कार्यशालाहरुको भ्रमण गर्ने | ▪ अन्य कार्यशालाहरुको भ्रमण गर्नुको फाइदा | १ | ३ | ४ | |
| ३. | सम्बन्धित सामाग्रीहरुको अध्ययन गर्ने (कागजपत्र, पुस्तिका, ब्रोशियर) | ▪ पेशासँग सम्बन्धित कागजपत्र, पुस्तिका, सीट आदिको अध्ययनबाट हुने फाइदा | १ | ३ | ४ | |
| ४. | तालीम/सेमिनार कार्यशालाहरुमा उपस्थित हुने | ▪ व्यावसायिक बन्नुपर्ने आवश्यकता<br>▪ पेशागत रुपबाट संस्थाबाहिर अगाडी बढ्ने मौकाको महत्व | १ | ४ | ५ | |
| ५. | श्रव्य-दृश्यहरुको अवलोकन गर्ने | ▪ टि.भी. च्यानल, श्रव्य-दृश्य सामाग्रीहरुको परिचय<br>▪ श्रव्य-दृश्यबाट सिकिने कुराहरुको महत्व | १ | २ | ३ | |
| ६. | इन्टरनेट चलाउने | ▪ कम्प्यूटर बारेको जानकारी<br>▪ इन्टरनेट चलाउने प्रविधी | १ | २ | ३ | |
| ७. | तालीमका लागि कार्यक्रम/ स्थान आदिको खोजी गर्ने | ▪ बढुवाका लागि तालीमको महत्व<br>▪ पूर्नताजगी तालीमका लागि तालीम दिने व्यक्ति/संस्थाको खोजी | १ | २ | ३ | |